# नेपाल पारवहन तथा गोदाम व्यवस्था (कं) लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

कम्पनी दर्ता नं. ४८

## १३ औं वार्षिक साधारण सभामा प्रस्तुत
## सञ्चालक समितिको प्रतिवेदन

(कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार)

## आर्थिक वर्ष २०८०।८१

**श्री शेयरधनी महानुभावहरू,**

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको १३ औं वार्षिक साधारण सभामा भाग लिन आउनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समिति र मेरो तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । वि.सं. २०२८ भदौ ३० गतेका दिन स्थापित यस कम्पनीले आफ्नो प्रबन्धपत्र तथा नियमावलीले निर्देशित गरेबमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग निरन्तर समन्वय र सम्पर्क स्थापित गर्दै समुद्रपार हुने आयात/निर्यात व्यापारमा पारवहन सहजीकरणको महत्वपूर्ण जिम्मेवारी पूरा गर्नुका साथै क्लियरिङ्ग, अण्डरटेकिङ्ग तथा फरवार्डिङ्ग एवम् गोदाम सेवा समेत सञ्चालन गर्दै आएको छ ।

विगतमा विविध कारणहरूले गर्दा कम्पनी ऐनमा उल्लेखित अवधिभित्र साधारण सभा तोकिएको समयावधिभित्र सम्पन्न गर्ने प्रयास गरिएको भएतापनि लेखापरीक्षकको प्रतिवेदन समयमै प्राप्त हुन नसकेकोले सम्भव हुन सकेन । महालेखापरीक्षकको कार्यालयबाट सिफारिस गरिएका लेखापरीक्षकद्वय नायव महालेखापरीक्षक श्री घनश्याम काफ्ले र निर्देशक श्री दुर्गा बहादुर बस्नेतद्वारा लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।०१।१२ मा लेखापरीक्षकको अन्तिम प्रतिवेदन प्राप्त भएको छ । यसैसाथ संलग्न सो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायत सोसँग सम्बन्धित अनुसूचीहरू अनुमोदनका लागि सभा समक्ष पेश गरेको छु ।

## १. कम्पनीको कारोबारको समीक्षा

यस नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडले सरकारी तथा गैर सरकारी लगायत निजी स्तरको व्यापार व्यवसाय गर्नेहरूका लागि सुविधाजनक गोदाम घरबाट नेपालमा आयात हुने र नेपालबाट निर्यात हुने मालसामानहरूका लागि गोदाम सुविधा प्रदान गर्ने, क्लियरिंग तथा फरवार्डिंगको कार्य गर्दै आएको छ । कम्पनीको विगत वर्ष देखि चालुआर्थिक वर्ष २०८०।८१ सम्ममा आईपुग्दा नाफा नोक्सान हिसाब तथा सम्पत्ति र दायित्वमा केही परिवर्तन भएको छ ।

आ.व. २०८०।८१ मा कम्पनीको कुल नाफा रू.६,७३,९७,३२८।००, बोनस व्यवस्था रकम रू.३३,६९,८६६।००, आयकर व्यवस्था रकम रू.२,०२,१२,९१५।०० र खुद नाफा रू.४,३८,१४,५४६।०० रहेको छ ।

आ.व. २०८०/८१ सम्ममा कम्पनीले सम्पूर्ण कारोबार अर्थात् आयकर र कर्मचारी बोनस व्यवस्था तथा समायोजन पछिको कुल संचित कोष रू. ५९,१४,६०,१५१।०० रहेको छ । कम्पनीको आ.व. २०८०/८१ मा चालु सम्पत्ति रू. ६४,२९,२०,६९५।०० र चालु दायित्व रू. ४,०९,५२,३०९।०० रही चालु दायित्व भन्दा चालु सम्पत्ति १५.६९ गुणाले अधिक रहेको हुँदा कम्पनीको वित्तीय अवस्था सबल रहेको छ । आ.व. २०८०/८१ को नाफा नोक्सानको कार्य प्रगतिको संक्षिप्त वित्तीय विवरण तल प्रस्तुत गरेको छु ।

**तालिका — १ : आ.व. २०८०/८१ को आम्दानी खर्चको विवरण** रकम (रू.)

| विवरण | २०७९/८० | २०८०/८१ |
|---|---|---|
| सेयर पुंजी | १,२२,४३,०००।०० | १,२२,४३,०००।०० |
| चालु सम्पत्ति | ६०,६९,५६,३४४।०० | ६४,२९,२०,६९५।०० |
| चालु दायित्व | ४,७३,२१,६९१।०० | ४,०९,५२,३०९।०० |
| आम्दानी | ३०,२२,६५,२९५।०० | २९,२०,६५,७४३।०० |
| खर्च | २३,३०,७०,६८१।०० | २२,११,६४,८००।०० |
| नाफा र नोक्सान | ६,४६,११,०९२।०० | ६,७३,९७,३२८।०० |

| | | |
|---|---|---|
| हिसाब समायोजन | - | - |
| खुद संचित नाफा | ५४,७६,४५,६०५।०० | ५९,१४,६०,१५१।०० |

कम्पनीले पछिल्ला आर्थिक वर्ष २०७८/७९ र २०७९/८० र २०८०/८१ मा क्रमशः रू. रू. ८,५३,२०,२२१।४५, रू. ६,४६,११,०९२।०० र रु. ६,७३,९७,३२८।०० मुनाफा कमाउन सफल भएको छ ।

## २. कम्पनीका शाखाहरूको वित्तीय अवस्था

कम्पनीको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको कोलकाता शाखामा समीक्षा अवधिमा क्लियरिङ्ग कारोबार हुन नसकेको हुँदा म्दानीमा कमी आएको अवस्ता हो । हाल आएर नेपाल नागरिक उड्डयन प्राधिकरणसँगको सम्झौता बमोजिम कम्पनीले सञ्चालन गर्दै आइरहेको त्रि.अ.वि.स्थित कार्गो गोदाम शाखा कम्पनीको भरपर्दो आम्दानीको स्रोत बन्न पुगेको छ । यो आर्थिक वर्ष काँकडभिट्टा शाखाको कारोबारमा केही गिरावट आएको हुँदा त्यसको प्रभाव आम्दानीमा समेत देखिएको छ । नियमित कार्गो उडानको अभावमा भैरहवा विमानस्थलस्थित शाखाबाट आम्दानी सिर्जना हुन सकेको छैन भने वीरगंजस्थित शाखाबाट समेत अपक्षित आम्दानी प्राप्त हुन सकेको देखिँदैन ।

**तालिका — २ : शाखागत आम्दानी खर्चको विवरण**

| आर्थिक वर्ष (→) / शाखा कार्यालय (↓) | २०८०।८१ | |
|---|---|---|
| | आम्दानी | खर्च |
| प्रधान कार्यालय | ५,४२,१०,४१०।०० | २,४०,५१,१६०।०० |
| कोलकाता | २,३९,९४,२८४।०० | २,६८,४६,५१९।०० |
| त्रि.अ.वि. गोदाम | १९,१६,१८,८०६।०० | १६,०८,७६,२०३।०० |
| विरगंज गोदाम | ९,७१,०००।०० | ३६,५८,४५१।०० |
| रक्सौल गोदाम | ६,६०,८३४।०० | - |

| | | |
|---|---|---|
| काँकडभिट्टा | २,०६,१०,३२२।०० | ६०,६६,१६७।०० |
| भैरहवा | ४०।०० | ३१,७६,३१४।०० |

## ३. कम्पनीको व्यावसायिक सम्बन्ध

कम्पनीले विभिन्न संस्था, निकायहरूसँ समन्वय, सम्पर्क स्थापित गर्दै आफ्नो कारोवार गर्दै आइरहेको छ ।यहाँ कम्पनीको केही प्रमुख संस्थाहरूसँगको व्यावसायिक सम्बन्ध उल्लेख गरिएको छः

- **भन्सार विभागः** वीरगंजमा भएको गोदाम निर्माणका लागि जग्गा उपलब्ध गराएको ।
- **नेपाल नागरिक उड्डयन प्राधिकरणः** प्राधिकरणसँग सम्झौता गरी त्रि.अ.वि., पोखरा र भैरहवामा गोदाम सञ्चालन भइरहेको ।
- **कोलकाता तथा हल्दिया पोर्टः** पारवहन सम्झौता अनुसार भारतको कोलकाता र हल्दियामा पोर्टको जमिन लिजमा लिइएको ।
- **नेपाल राष्ट्र बैंकः** बैंकबाट कार्यदिश प्राप्त भएपश्चात् छापिएको नेपाली रूपैयाँ कोलकाता पोर्टबाट मुलुकसम्म ल्याउनमा क्लियरिङ्ग कार्य गरिने ।

## ४. जनशक्ति सम्बन्धी तुलनात्मक विवरण

लोकसेवा आयोगद्वारा लिइने योग्यता प्रणालीमा आधारित प्रतिस्पर्धात्मक परीक्षाका आधारमा कम्पनीमा स्थायी कर्मचारीहरू पदपूर्ति गरिँदै आएको छ । त्रि.अ.वि.स्थित कम्पनीको कार्गो गोदाम शाखा र भैरहवा विमानस्थलस्थित शाखामा भने लोडरहरू करार गरिएको छ । यस्तै, कोलकातास्थित शाखामा केही स्थानीय कर्मचारीहरू समेत भर्ना गरिएको छ ।

**तालिका — ३ : कम्पनीको विद्यमान जनशक्ति**

| शीर्षक | आर्थिक वर्ष | | थप/न्यून | हाल कायम रहेको |
|---|---|---|---|---|
| | २०७९।८० | २०८०।८१ | | |
| स्वीकृत दरबन्दीः | ७२ | ७२ | - | ७२ |
| स्थायी | ४२ | ३६ | (४) | ३१ |
| करार | ६५ | ६७ | २ | ६७ |

| | | | | |
|---|---|---|---|---|
| कार्यरत जम्मा | १०७ | १०३ | (४) | ९८ |
| नयाँ प्रवेश | १० | - | - | - |
| अवकास/राजीनामा | ४ | ५ | १ | ६ |
| तालिम | १ | १ | - | २ |

## ५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारमा परेको असर

समीक्षा अवधिमा विश्व अर्थतन्त्रमा सामान्य सुधार देखिएको छ । कम्पनीको कारोबार प्रकृति अनुरूपका आपूर्ति शृङ्खलाको क्षेत्र महामारी पश्चातको सुधारतर्फ अग्रसर भएतापनि रूस-युक्रेन युद्ध, ठूला वस्तु उत्पादक राष्ट्रबीचको व्यापारिक तनाव र वैकल्पिक उत्पादन केन्द्र तथा पूर्ति मार्ग सम्बन्धि रणनीतिक पहलकदमीले प्रभावित रह्यो । कम्पनीको कारोबार समग्र क्षेत्रीय तथा राष्ट्रिय लजिस्टिक बजारमा सानो अनुपातमा रहेकोले कारोबारमा प्रत्यक्ष अनुभव गर्न सकिने विषय नभएतापनि बंगलादेशको आन्तरिक द्वन्द्व, भारतीय बन्दरगाह प्राधिकरणले गरेको जमिनको भाडादर वृद्धि र कोलकाता पोर्टबाट कार्गो मार्फत हुने कार्गोको प्रवाह विशाकापट्टनम पोर्टतर्फ क्रमसः बढ्दै जानुले कारोबारमा असर गरेको छ ।

राष्ट्रिय रूपमा लजिस्टिक क्षेत्रको संरचनागत पुर्नसंरचनाको सरकारी घोषणा कार्यान्वयनले अपेक्षित गति लिन सकेन । व्यापार लजिस्टिक नीति कार्यान्वयन कार्ययोजना र लजिस्टिक कानुन निर्मानमा नीतिगत योजनाहरू कम्पनीको कारोबारलाई प्रभावित गर्ने देशले अघि बढ्न सकेनन् । तथापी, कम्पनीले फूलबारी बंगलाबन्ध रूटको भारवहन क्षमता सम्बन्धी समस्या समाधानमा निरन्तर पहलकदमी मार्फत कार्गो अवरोध हुन दिएन भने बंगलादेशसँगको पारवहन सन्धि कार्यान्वयनका लागि दुई देशीय संयन्त्र मार्फत आवश्यक पहल गर्‍यो ।

## ६. प्रतिवेदन तयार भएको मितिसम्म चालु आ.व.को उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

### ६.१ सञ्चालन स्थिति (२०८१ वैशाख मसान्तसम्मको)

**तालिका — ४ : वैशाख मसान्तसम्मको स्थिति**

| क्र.सं. | शिर्षक | वार्षिक लक्ष्य (रू.) | वैशाख मसान्तसम्मको | वैशाख |
|---|---|---|---|---|

| | | | प्रगति विवरण (रू.) | मसान्तसम्मको प्रगति (%) |
|---|---|---|---|---|
| १ | आम्दानी | ४०,५१,५०,००० | २३,३९,२४,००६ | ५७.७४ |
| २ | खर्चः | ३५,०६,३०,००० | १९,१८,५६,३२३ | ५४.७२ |
| ३ | चालु | ३,२६,६६०,००० | १८,१३,४१,७७७ | ५५.५१ |
| ४ | पूँजीगत | २,३९,७०,००० | १,०५,१४,५४६ | ४३.८७ |

## ६.२ भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

कम्पनी स्थापनाको उद्देश्य, हाल प्रवाह भइरहेका सेवाको मात्रा र दायरा तथा ब्यापार लजिस्टिक क्षेत्रमा विद्यमान अवसरहरूलाई मध्यनजर गर्दै कम्पनीले भविष्यमा निम्न कुरामा ध्यान पुर्याउने छ :

- कम्पनीले हाल प्रवाह गरिरहेको सेवालाइ थप प्रभावकारी बनाउन सूचना प्रविधिको महत्तम प्रयोग गर्दै लजिस्टिक क्षेत्रमा आएका आधुनिक प्रवृतिहरु अवलम्वन गर्दै जाने,
- प्रबन्धप्रत्रमा उल्लेखित उद्देश्य पुरा हुने ढंगले अवसरहरुको पहिचान गरी व्यवसायको दायरा विस्तार गर्दै जाने,
- कम्पनीले दीर्घकालिन लिजमा लिएका जमिनको समुचित प्रयोग गरी नेपालको पारवहन लजिस्टिक लागत कम गर्ने तर्फ ठोस पहलकदमी लिने ।

## ७. बाँटफाँट शेयरको विवरण

**तालिका — ५ : शेयरहोल्डर विवरण**

| क्र.सं. | शेयरधनीको नाम | शेयर संख्या | चुक्ता रकम रु. | चुक्ता हुन बाँकी रकम |
|---|---|---|---|---|
| १. | श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३,२५० | ३२,५०,०००/- | नरहेको |
| २. | श्री नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, | ४,२५० | ४२,५०,०००/- | नरहेको |

| | | | | |
|---|---|---|---|---|
| | बबरमहल, काठमाडौं | | | |
| ३. | श्री नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४,७४३ | ४७,४३,०००/- | |
| | **जम्मा** | **१२,२४३** | **१,२२,४३,०००।-** | |

## ८. सञ्चालक समितिमा भएको हेरफेर

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको नियमावलीमा व्यवस्था भएबमोजिम ७ जनाको सञ्चालक समिति रहेको छ । विभिन्न कारणले रिक्त हुन आएका सञ्चालक पदमा आवश्यकता अनुसार नेपाल सरकारबाट समय समयमा नियुक्ति वा हेरफेर गरिँदै आएको छ । आ.व. २०८०।८१ मा कम्पनीको सञ्चालक समितिमा निम्नानुसारका पदाधिकारीहरू रहनु भएको थियो ।

**तालिका — ६ : समीक्षा अवधिमा कायम सञ्चालक समिति**

| क्र.सं. | सञ्चालक सदस्यको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | श्री छपिराज पन्त | अध्यक्ष | अध्यक्ष(२०७९।०५।२१ देखि) |
| २. | श्री हिक्मत बहादुर भण्डारी | सदस्य | उपसचिव, अर्थ मन्त्रालय (२०८०।०९।१० सम्म) |
| ३. | श्री अम्बिका प्रसाद खनाल | सदस्य | उपसचिव, अर्थ मन्त्रालय (२०८०।०९।०२ देखि) |
| ४. | श्री डा. चक्रपाणि आचार्य | सदस्य | उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०७८।१२।१३ देखि २०८१।०१।२६ सम्म) |
| ५. | श्री लिलाधर अधिकारी | सदस्य | उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०८१।०१।२७ |

| | | | |
|---|---|---|---|
| | | | देखि) |
| ६. | श्री भिम बहादुर बुढा | सदस्य | उपसचिव, भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय (२०७९।०६।०६ देखि २०८०।१०।०३ सम्म) |
| ७. | श्री मुनका न्यौपाने | सदस्य | उपसचिव, भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय (२०८०।१०।०४ देखि) |
| ८. | श्री विनोद कुमार सेठिया | सदस्य | अध्यक्ष, नेपाल समुन्द्रपार निकासी पैठारी संघ (२०७९/०५/१० देखि) |
| ९. | श्री प्रेम राज भण्डारी | सदस्य-सचिव | महाप्रबन्धक, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. (२०७८/१२/०६ देखि २०८०।१२।०५ सम्म) |

## ९. पदाधिकारीको सेवा सुविधा

सञ्चालक समितिमा नेपाल सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधि, नेपाल समुद्रपार निकासी पैठारी संघको तर्फबाट अध्यक्ष, नेपाल सरकारबाट मनोनित विज्ञ र महाप्रबन्धक सदस्य सचिव रहने व्यवस्था बमोजिम कम्पनीमा ७ जनाको सञ्चालक समिति रहेको छ । सञ्चालक सदस्यको प्रति व्यक्ति बैठक भत्ता रु.२०००/- रहेको छ ।

**तालिका — ७ : समीक्षा अवधिमा सञ्चालक समितिले प्राप्त सेवा सुविधा**

| **क्र.सं.** | **नाम** | **पद** | **पारिश्रमिक** | **भत्ता** | **अन्य सुविधा** |
|---|---|---|---|---|---|
| १ | श्री छपिराज पन्त | अध्यक्ष | छैन | २६,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री हिक्मत बहादुर भण्डारी | सञ्चालक | छैन | ६,०००।- | |
| ३ | श्री डा. चक्रपाणि आचार्य | सञ्चालक | छैन | २०,०००।- | |
| ४ | श्री विनोद कुमार सेठिया | सञ्चालक | छैन | १६,०००।- | |
| ५ | श्री भिम बहादुर बुढा | सञ्चालक | छैन | ८,०००।- | |
| ६ | श्री मुनका न्यौपाने | सदस्य | छैन | १६,०००।- | |
| ७ | श्री अम्बिका प्रसाद खनाल | सदस्य | छैन | १४,०००।- | |
| ८ | श्री शिव कुमार अग्रवाल | सदस्य | छैन | २,०००।- | |
| ९ | श्री लीलाधर अधिकारी | सदस्य | छैन | ६,०००।- | |
| १० | श्री प्रेम राज भण्डारी | सदस्य सचिव | १०,५३,८००।६७ | १२,०००।- | |
| ११ | श्री तुलसी पोखरेल | नि. सदस्य सचिव | | १४,०००।- | |

## १०. शेयरधनी र पदाधिकारी सम्बद्ध कम्पनीसँगको कारोबार

कम्पनीका शेयरधनी, संचालक तथा कार्यकारी प्रमुख वा निजका नातेदार संलग्न रहेको फर्म, कम्पनी वा संगधित संस्ताले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी नरहेको व्यहोरा साँलाई अनुरोध छ ।

## ११. लेखापरीक्षण समिति

कम्पनी ऐन, २०६३ को दफा १६४ को प्रावधान बमोजिम कम्पनीमा देहायको लेखापरीक्षण समिति रहेको छः

१. अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने संचालक - संयोजक
२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रतिनिधित्व गर्ने संचालक - सदस्य
३. कम्पनीको लेखा परीक्षण इकाई प्रमुख - सदस्य

## १२. सहायक कम्पनीसँगको कारोबार

भारत सरकारको पूर्ण स्वामित्वमा रहेको श्री Container Corporation of India समेतको सह-लगानीमा स्थापित श्री हिमालयन टर्मिनल प्रा.लि. मा कम्पनीको २० प्रतिशन शेयर बापत हुन आउन रकम रू. चालीस लाख लगानी रहेको छ । यस कम्पनीले सुख्खा बन्दरगाह व्यवस्थापनको कार्य गर्दछ । यस प्रा.लि. को प्रधान कार्यालय वीरगंज, पर्सामा रहेको छ । यस प्रा.ली. सँग कम्पनीको नियमित व्यावसायिक कारोबार रहेको छैन ।

## १३. व्यवस्थापन खर्च

**तालिका — ८ : समीक्षा अवधिमा भएको व्यवस्थापन खर्च विवरण**

| क्र.सं. | विवरण | रकम(रु.) |
|---|---|---|
| १. | तलव | २,४६,६९,६६२/- |
| २. | औषधि उपचार | २८,०७,९८८/- |
| ३. | उपदान | २१,८४,३५७/- |
| ४. | ओभर टाइम | २२,१२,५९५/- |
| ५. | प्रशासनिक खर्च | २,४३,१२,५८८/- |
| | जम्मा | ५,६१,८७,१९०/- |

*(विस्तृत विवरण लेखापरीक्षण भएको बार्षिक वित्तीय विवरणमा उल्लेख गरिएको)*

## १४. आन्तरिक नियन्त्रण प्रणाली

कम्पनीले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन लेखा परीक्षण समितिको व्यवस्था, आर्थिक विवरण प्रकाशन, आन्तरिक लेखापरीक्षण, राजस्व/कर परीक्षण, कार्यविवरणको प्रयोग, प्रगति विवरणको मासिक समीक्षा, नियमित कर्मचारी बैठक जस्ता कार्यहरू गर्ने गरेको छ ।

## १५. लेखापरीक्षकको प्रतिवेदनमा सञ्चालक समितिको धारणा

लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोबारका सम्बन्धमा देखिएका टिप्पणीहरू बाहेक अन्य विषयमा असर पर्ने विषयहरू नभएको र लेखापरीक्षकले दिएका सल्लाह र सुझावलाई कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

### १६. लेखापरीक्षकको नियुक्ति र सेवा शुल्क बारे

कम्पनीको आ.व.२०८०।८१ को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट सिफारिस गरिएका लेखापरीक्षकद्वय नायव महालेखापरीक्षक श्री घनश्याम काफ्ले र निर्देशक श्री दुर्गा बहादुर बस्नेतबाट सम्पन्न भएको थियो ।

कम्पनीको आ.व.२०८१।८२ को लेखापरीक्षणका लागि नेपाल सरकार, महालेखापरीक्षकको कार्यालयबाट सिफारिस गरी पठाइएका लेखापरीक्षक रहनेछन् तथा महालेखापरीक्षकको कार्यालयबाट तोकिए बमोजिमको लेखापरीक्षण शुल्क भुक्तानी गरिने छ ।

### १७. लाभाँस बाँटफाँट

वित्तीय अवस्था सबल रहेतापनि कम्पनीले हालसम्म लाभाँस वितरण गरेको छैन । भविष्यमा कम्पनीले आफ्नो खुद नाफा र सञ्चित कोषको आधारमा लाभाँस वितरण गर्ने सम्भावना रहन सक्छ । कम्पनीको वास्तविक दायित्वको वैज्ञानिक विश्लेषण र आगामी व्यावसायिक योजनाको लागत दृष्टिगत गरी आवश्यक निर्णय लिइने छ ।

त्यस्तै, शेयरधनीहरूले कुनै पनि किसिमको रकम बुझिलिन बाँकी रहेको छैन ।

### १८. कम्पनीको व्यावसायिक सम्बन्ध तथा समीक्षा अवधिका मुख्य उपलब्धिहरू

कम्पनीले व्यवसाय सम्बन्धी ऐन, कानुनको पूर्ण परिपालन तथा सम्बन्धित सरकारी नियामक निकाय तथा सरोकारवालाले दिएका सुझावलाई उच्च प्राथमिकताका साथ आत्मसात् गर्दै आएको छ । कम्पनीले व्यापारी, आयात तथा निर्यातकर्ता र विभिन्न संघ संस्थाहरूसँग सुमधुर सम्बन्ध कायम राख्दै स्वस्थ प्रतिस्पर्धाको आधारमा व्यवसाय सञ्चालन गरिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**अन्त्यमा,**

यस कम्पनीको उन्नति तथा प्रगतिका लागि शेयरधनी महानुभावहरूको सुझाव महत्वपूर्ण हुने हुँदा सोको अपेक्षा गर्दै उपस्थित शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक

धन्यवाद व्यक्त गर्दछु । कम्पनीको विकासमा सहयोग पुर्याउनुहुने नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा निकायहरू तथा सरोकारवाला सम्पूर्ण पक्षहरूलाई विशेष धन्यावाद ज्ञापन गर्दछु ।

यसैगरी, सञ्चालक समितिका सदस्यहरू, निकासी पैठारीकर्ता र सो सम्बद्ध व्यापारिक संघ, भन्सार एजेन्ट, प्राविधिक र यस कम्पनीका सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । कम्पनीको लेखापरीक्षण सम्पन्न गरी पेश गर्नुभएको प्रतिवेदनमा कम्पनीको कामकारबाहीका क्रममा देखिएका कमीकमजोरीहरू उजागर गरी सुधारका लागि महत्वपूर्ण सुझावहरू प्रस्तुत गर्नुभएकोमा लेखापरीक्षकद्वय नायव महालेखापरीक्षक श्री घनश्याम काफ्ले र निर्देशक श्री दुर्गा बहादुर बस्नेतलाई धन्यवाद व्यक्त गर्दछु ।

शेयरधनी महानुभावहरूबाट प्राप्त हुने सुझाब एवम् सहयोगप्रति आभार व्यक्त गर्दै यस कम्पनीको उन्नति, प्रगति एवम् विकासको लागि सम्बन्धित सबै क्षेत्रबाट विगतमा झैं आगामी दिनमा पनि निरन्तर सहयोग प्राप्त भइरहने विश्वास लिएको छु ।

**धन्यवाद !!!**

**सञ्चालक समितिको तर्फबाट,**

............................

**छपिराज पन्त**
**(अध्यक्ष)**
**सञ्चालक समिति**